# वनस्पति स्रोत

## समाचार पत्र

### वनस्पति विभागको प्रकाशन

वि.सं. २०७४ असोज/November 2017 वर्ष २१ अंक १

## माननीय मन्त्रीज्यू र मा. राज्यमन्त्रीज्यूबाट निरीक्षण

मिति २०७४/६/१ गते माननीय वन तथा भू-संरक्षण मन्त्री विक्रम पाण्डेज्यूले वनस्पति विभागको निरीक्षण गर्नुभएको थियो । सो अवसरमा यस विभागका महानिर्देशक डा. अखिलेश्वर लाल कर्णज्यूले विभागको परिचय, संचालन गरिरहेका क्रियाकलापहरूका साथै भावी



कार्यदिशाको बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो । सो अवसरमा माननीय मन्त्रीज्यूले जडीबुटीको क्षेत्रमा लागेका कृषकहरूलाई सरकार र वैज्ञानिकहरूले सहयोग गर्नुपर्ने विचार व्यक्त गर्नुभएको थियो । उक्त अवसरमा वन तथा भू-संरक्षण मन्त्रालयका सचिव श्री प्रकाश माथेमाज्यूको समेत सहभागिता रहेको थियो ।

मिति २०७४/७/१५ गते माननीय वन तथा भू-संरक्षण राज्यमन्त्री कमलादेवी शर्माज्यूले वनस्पति विभागको निरीक्षण गर्नुभएको थियो । सो अवसरमा यस विभागका महानिर्देशक डा. अखिलेश्वर लाल कर्णज्यूले विभागबारे संक्षिप्त प्रस्तुतिकरण गर्नुभएको थियो । सो अवसरमा माननीय राज्यमन्त्रीज्यूले जडीबुटीको क्षेत्रमा वनस्पति विभागले गरेका अनुसन्धानहरूको नतिजा कृषकहरूसम्म पुऱ्याउन निर्देशन दिनुभएको थियो । उक्त अवरसमा वन तथा भू-संरक्षण मन्त्रालयका अनुगमन तथा मूल्याङ्कन महाशाखा प्रमुख गेहेन्द्र केशरी उपाध्यायको समेत उपस्थिति रहेको थियो ।

## श्रीमान् सचिवज्यूबाट निरीक्षण

मिति २०७४/७/२६ गते वन तथा भू-संरक्षण मन्त्रालयका सचिव डा. यूवक ध्वज जिसीज्यूले वनस्पति विभागको निरीक्षण गर्नुभएको थियो । सो अवसरमा यस विभागका महानिर्देशक डा. अखिलेश्वर लाल कर्णज्यूले विभागको परिचय, संचालन गरिरहेका क्रियाकलापहरूका साथै भावी कार्यदिशाको बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो । सो अवसरमा श्रीमान् सचिवज्यूले राष्ट्रिय वनस्पति उद्यानको प्रवेश शुल्क पुनरावलोकन गर्न, जिल्ला वनस्पति कार्यालयबाट निःशुल्क वितरण गरिने विरुवाको न्यूनतम मूल्य कायम गरी वितरण गर्न निर्देशनात्मक धारण राख्नुभएको थियो ।

## पुस्तक विमोचन




राष्ट्रिय संरक्षण दिवसको अवसरमा मिति २०७४/६/६ गते वनस्पति विभागबाट प्रकाशित ६ वटा पुस्तकहरू माननीय वन तथा भू-संरक्षण मन्त्री विक्रम पाण्डेज्यू र माननीय राज्यमन्त्री कमलादेवी शर्माज्यूले विमोचन गर्नुभएको थियो । उक्त अवसरमा माननीय मन्त्रीज्यूले NEPAL : An Introduction to the natural history, ecology and human environment of the Himalayas. A special edition of the Companion volume to the Flora of Nepal, Checklist of CITES listed Flora of Nepal. र Plant Diversity in Central Chure Region Nepal पुस्तक विमोचन गर्नुभएको थियो भने माननीय राज्यमन्त्रीज्यूले औषधीजन्य तथा सुगन्धित वनस्पतिहरूको असल खेती पद्धति, सामान्य सिद्धान्त तथा निर्देशनहरू, बागवानीका आधारभूत सिद्धान्तहरू र जडीबुटी तथा गैरकाष्ठ वन पैदावार सम्बन्धी तालिम दिग्दर्शन पुस्तक विमोचन गर्नुभएको थियो ।

## प्रयोगशाला प्रमाणिकरण (Laboratory Accreditation)

वनस्पति विभाग र अन्तर्गतका प्रयोगशालाहरू इन्स्ट्रुमेन्ट शाखा र प्राकृतिक सम्पदा अनुसन्धानशालालाई गत आ.व. ०७३/७४ मा National Accreditation Board for Testing and Calibration Laboratories (NABL), India बाट विभिन्न ६ वटा प्यारामिटरमा ISO/IEC17025:2005

वन तथा भू-संरक्षण मन्त्रालय
वनस्पति विभाग
थापाथली, काठमाडौं, नेपाल, पो.ब.नं. २२७०
टेलिफोन: ४-२५११३९, ४-२५११६०, ४-२५११५९, ४-२५११७१, फ्याक्स: ९७७-१-४२५११४१
E-mail: info@dpr.gov.np, Website: www.dpr.gov.np

## सम्पादकीय...

वनस्पति सम्पदामा निकै धनी हुँदाहुँदै पनि यस क्षेत्रको सम्भाव्यता केलाएर जनजीविकामा नै सुधार ल्याउने गरी यथेष्ट नतिजाहरू देखाउन नसकिएको यथार्थ हो । यहाँका बहुमूल्य, दुलर्भ एवं लोपोन्मुख वनस्पतिहरूको संरक्षण तथा वनस्पतिजन्य उत्पादनमा मूल्य अभिवृद्धि गराइ मुलुकको अर्थतन्त्रमा थप योगदान दिलाउनमा अझ बढी क्रियाशील हुनु आवश्यक छ । जलवायु परिवर्तन, विश्वव्यापीकरण जस्ता मुद्दाहरूले वनस्पति क्षेत्रको अध्ययन, अनुसन्धान तथा दीगो संरक्षणमा थप चुनौति खडा गरिरहेका छन् । वनस्पतिको अन्वेषण, अध्ययन, अनुसन्धान, अभिलेखिकरण तथा विकासबाट प्राप्त हुने उपलब्धीहरूलाई राष्ट्रिय विकासमा लगाउन र वनस्पतिको दीगो उपयोगमा आर्थिक तथा सामाजिक रुपले विपन्न वर्गको हिस्सेदारीको दायरा लम्काउनु जरुरी छ । नेपालको ग्रामिण इलाकामा बसोबास गर्ने बहुसंख्यक जनसंख्याले परम्परागत औषधीय पद्धतिद्वारा औषधोपचार गरिराखेको अवस्था छ । परम्परागत चिकित्सा प्रणालीसँग आवद्ध पेशाकर्मी, ज्ञाता, विशेषज्ञ तथा जेष्ठ नागरिकहरूसँग भएको वनस्पतिको उपयोग तथा उपचार विधिसम्बन्धी ज्ञान, सीप तथा अनुभवहरूको वृहत अध्ययन अनुसन्धान तथा अभिलेखिकरण गर्ने र विशिष्ट ज्ञान, सीपहरूको पेटेन्टीङ्ग गर्दै बौद्धिक सम्पत्तिको सुरक्षण गर्नेतर्फ पनि पहलकदमी लिनु ढिला भइसकेको छ । परम्परागत ज्ञान, अनुभव तथा सीप महत्वपूर्ण राष्ट्रिय सम्पत्ति हुन् । जसको अभिलेखिकरण आफैमा चुनौतिपूर्ण कार्य पनि हो । वनस्पति स्रोत तथा वनस्पतिजन्य उत्पादनको उपयोगको स्थापित अनुभव तथा ज्ञान सीपहरूको सम्मान गर्दै नविन प्रविधिहरूको प्रयोगमा जोड दिनुपर्ने हुन्छ । साथै विश्व व्यापार संगठनको प्रावधान अनुसार पेटेन्ट अधिकारको सुनिश्चितता गर्नुपर्ने आवश्यकता पनि छँदैछ ।



बमोजिम Accreditation प्राप्त भएकोमा सो को निरन्तरताका लागि मिति २०७४/०६/२१ र २२ मा Surveillance Audit कार्य सम्पन्न भएको छ । सो Surveillance Audit कार्य NABL, India बाट खटिइ आउनु भएका Lead Auditor/Technical Auditor G.M. Tewari ले गर्नुभएको थियो । उक्त Audit कार्यको क्रममा प्रयोगशालाहरूले प्रदान गर्ने सेवाको गुणस्तरीयता र विश्वसनीयता बढाउन प्रयोगशालाहरूमा रहेका विभिन्न Document जस्तैः Quality Manual, Quality System Procedures, Forms, Format, Record आदिको विस्तृत निरीक्षणका साथै प्रयोगशालाहरूको Technical Competency का विषयमा समेत जाँच गरिएको थियो । Audit को Finding को रुपमा प्रयोगशालाहरू ISO/IEC 17025:2005 को प्रावधान अनुरुप रहेका र आगामी दिनमा विभिन्न पक्षमा थप सुधार गरी प्रयोगशालाबाट प्रदान गरिने सेवालाई अझ प्रभावकारी, गुणस्तरीय र विश्वसनीय बनाउन आवश्यक सुझावहरू प्राप्त भएको थियो ।

## नेपालको आर्थिक विकासका लागि प्राथमिकता प्राप्त जडीबुटीहरू



कालो मुसली



काकोली



सतुवा

नेपालको आर्थिक विकासका लागि प्राथमिकता प्राप्त जडीबुटीहरू ३० वटा रहेकोमा जडीबुटी एवं गैर काष्ठ वन पैदावार समन्वय समितिको मिति २०७३/३/१९ को बैठकबाट थप ३ प्रजाति (सतुवा, काकोली, कालो मुसली) उक्त सुचीमा सुचीकृत गरियो जुन देहाय बमोजिम रहेका छन् ।

| | | | |
|---|---|---|---|
| १. अतिस | १०. पाँचऔंले | १९. पिपला | २८. गुर्जो |
| २. विष | ११. भ्याकुर | २०. लघुपत्र | २९. सुगन्धवाल |
| ३. बोझो | १२. धसिंग्रे | २१. सर्पगन्धा | ३०. टिमुर |
| ४. सतावरी | १३. ओखर | २२. पदमचाल | ३१. सतुवा |
| ५. निम | १४. झ्याउ | २३. मजिठो | ३२. काकोली |
| ६. पाषणवेद | १५. गुच्ची च्याउ | २४. रिट्ठा | ३३. कालो मुसली |
| ७. सुगन्धकोकिला | १६. जटामसी | २५. चिराइतो | |
| ८. तेजपात | १७. कुटकी | २६. जंगली सयपत्री | |
| ९. यार्सागुम्बा | १८. अमला | २७. लौठसल्ला | |

## खेती प्रविधि अनुसन्धान कार्यका लागि प्राथमिकता प्राप्त जडीबुटीहरू

खेती प्रविधि अनुसन्धान कार्यका लागि प्राथमिकता प्राप्त जडीबुटीहरू १२ प्रजाति रहेकोमा ५ प्रजाति (गुच्ची च्याउ, यार्सागुम्बा, सतुवा, काकोली, कालो मुसली) थप गरियो भने उक्त सुचीबाट खेती प्रविधि विकास भइसकेका ४ प्रजाति (सुगन्धवाल, टिमुर, सतावरी र सुगन्धकोकिला) हटाइएको छ । हाल खेती प्रविधि अनुसन्धान कार्यका लागि प्राथमिकता प्राप्त १३ जडीबुटीहरू देहाय बमोजिम रहेका छन् ।

| | | | |
|---|---|---|---|
| १. गुच्ची च्याउ | ५. पिपला | ८. लौठसल्ला | ११. यार्सागुम्बा |
| २. पाँचऔंले | ६. सर्पगन्धा | ९. गुर्जो | १२. काकोली |
| ३. जटामसी | ७. चिराइतो | १०. कालो मुसली | १३. सतुवा |
| ४. कुटकी | | | |

## वार्षिक प्रगति समीक्षा गोष्ठी

आ.व. २०७३/०७४ मा वनस्पति विभागद्वारा संचालित कार्यक्रमहरूको वार्षिक प्रगति समीक्षा गोष्ठी मिति २०७४ साउन

२० गते विभागको सभाकक्षमा सम्पन्न भयो । विभागका महानिर्देशक डा. अखिलेश्वर लाल कर्णज्यूको सभापतित्व एवं वन तथा भू-संरक्षण मन्त्रालयका अनुगमन तथा मूल्याङ्कन महाशाखा प्रमुख श्री गेहेन्द्र केशरी उपाध्यायज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त गोष्ठीमा विभागका शाखा प्रमुखहरू, केन्द्रीय कार्यालय प्रमुखहरू, जिल्ला वनस्पति कार्यालय प्रमुखहरू लगायत विभागका अन्य कर्मचारीहरूको उपस्थिति रहेको थियो । सो अवसरमा अनुगमन तथा मूल्याङ्कन अधिकृत श्री राकेश कुमार त्रिपाठीले उपस्थित सबै कर्मचारीहरूलाई स्वागत गर्नुभएको थियो ।

उक्त कार्यक्रममा असिष्टेन्ट बोटानिष्ट श्री हरेश रायले विभाग र अन्तर्गतका कार्यालयहरूद्वारा आ.व. २०७३/७४ मा संचालित कार्यक्रमबाट प्राप्त उपलब्धीहरूबारे एकमुष्ट रुपमा प्रस्तुतिकरण गर्नुभएको थियो । त्यसैगरी तीन वटा केन्द्रीय कार्यालय (प्राकृतिक सम्पदा अनुसन्धानशाला, राष्ट्रिय हर्बेरियम तथा वनस्पति प्रयोगशाला र राष्ट्रिय वनस्पति उद्यान) का कार्यालय प्रमुख/प्रतिनिधिज्यूहरूले वार्षिक अवधिमा तोकिएका लक्ष्य बमोजिम सम्पादन गरिएका कार्यहरूको प्रगति प्रस्तुत गर्नुका साथै विभाग अन्तर्गतका सबै शाखाहरू र सातवटै जिल्ला वनस्पति कार्यालयहरू (इलाम, धनुषा, मकवानपुर, सल्यान, बाँके, जुम्ला र कैलाली) का प्रमुखज्यूहरूले आ-आफ्नो शाखा तथा कार्यालयको वार्षिक प्रगति प्रस्तुत गर्नुभएको थियो । सो अवसरमा कार्यक्रमहरूको प्रगति र उपलब्धी सहित कार्यान्वयनका क्रममा आइपरेका समस्याहरूको समुचित समाधानका उपायहरू तथा आगामी कार्यदिशाका बारेमा पनि छलफल भएको थियो ।

उक्त गोष्ठीको समापनको अवसरमा उप-महानिर्देशक श्री ज्योति जोशी भट्टले सबैको समन्वयात्मक सहयोगमा क्रियाकलापहरू संचालन भई यस अवधिमा भारित र वित्तिय प्रगति राम्रो हुन गएकोमा प्रशंसा गर्नुका साथै सम्पूर्ण कर्मचारीले निजामती सेवाको व्यावसायिकतालाई अंगिकार गरी अनुशासित रुपमा आ-आफ्नो कार्य सम्पादन गर्न सल्लाह दिनुभएको थियो । सोही अवसरमा उप-महानिर्देशक श्री सन्जीव कुमार राईले केन्द्रीय कार्यालय, जिल्ला वनस्पति कार्यालय र विभागका शाखाहरूबाट सम्पादित क्रियाकलापहरू प्रशंसायोग्य रहेको भए पनि अध्ययन, अनुसन्धान लगायत जडीबुटी बिरुवा उत्पादन, वितरण र खेती आदिमा एकरुपता कायम गर्नुपर्ने धारणा राख्नुभयो । त्यसैगरी विभाग अन्तर्गतका कर्मचारीहरूको मनोबल बढाउन विभिन्न किसिमका उत्प्रेरणाका कार्यहरू (वैदेशिक अध्ययन, तालिम, भ्रमण आदि) भएको र थप त्यस्ता गतिविधिका लागि कार्य भइरहेको जानकारी गराउँदै उहाँले अनुसन्धानमूलक क्रियाकलापका लागि सबैले एक अर्कासंग समन्वय गरी अगाडि बढ्नुपर्ने सुझाव व्यक्त गर्नुभएको थियो । वन तथा भू-संरक्षण मन्त्रालयबाट सो कार्यक्रममा अतिथिको रुपमा पाल्नु भएका अनुगमन तथा मूल्याङ्कन महाशाखा प्रमुख श्री गेहेन्द्र केशरी उपाध्यायले मन्तव्य राख्नुहुँदै वार्षिक अवधिका भारित र वित्तिय प्रगतिहरू औषत रुपमा सन्तोषजनक रहेको तथा वनस्पति उद्यानहरूको



कार्ययोजना कार्यान्वयन क्रियाकलाप लगायत बेरुजु फछ्र्यौट प्रगति राम्रो हुन गएकोमा प्रशंसा व्यक्त गर्नुभएको थियो । वनस्पति विभागले प्रत्येक वर्ष उत्कृष्ट कार्य गर्ने कर्मचारीहरूलाई पुरस्कृत गर्दै आएकोमा खुशी व्यक्त गर्नुहुँदै उहाँले सो कार्यलाई निरन्तरता दिन समेत आग्रह गर्नुभएको थियो ।

उक्त अवसरमा महानिर्देशक डा. अखिलेश्वर लाल कर्णले समयमै कार्यहरू सम्पन्न भएर प्राप्त भएका प्रगतिहरू आशातित रहेको र विभागका कर्मचारीहरूको लागि विद्यमान Motivation का कार्यहरू पनि राम्रो रहेको धारणा राख्नुभएको थियो । साथै उहाँले सबै वनस्पति उद्यानहरूलाई Educational Garden को रुपमा promote गर्नुपर्ने तथा विभागलाई यसको मूल उद्देश्य र संघीय संरचना अनुरुप रुपान्तरण गर्नका लागि अझै सघन गृहकार्य गर्न आवश्यक रहेको ध्यानाकृष्ट गर्नुभएको थियो । कार्यक्रमको अन्त्यमा सभापति तथा विभागका महानिर्देशक डा. अखिलेश्वर लाल कर्णले सबैको सहकार्यमा आ-आफ्नो कार्य गरी विभागका निर्धारित लक्ष्यहरू हासिल गर्न अभिप्रेरित गर्नुका साथै उपस्थितिका लागि सबै कर्मचारीहरूमा धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## Talk Programme

| क्र.सं. | मिति | प्रस्तोता | विषय |
|---|---|---|---|
| १ | २०७४/४/६ | जनुका पाठक | जडीबुटी विकास तथा प्रवर्द्धन शाखाले गरेका क्रियाकलाप र उपलब्धी |
| २ | २०७४/५/१६ | सन्जीव कुमार राई<br>ज्योती जोशी भट्ट | भारतको लखनाउमा भएको MAPs सम्बन्धी तालिमको Experience Sharing. |
| ३ | २०७४/५/३० | जीवन पाण्डे | Experience Sharing of Botanical expedition of Sipal region, West nepal |
| ४ | २०७४/६/६ | डा मार्क वाटसन | Bicentinary relationship between Nepal and UK |
| ५ | २०७४/६/६ | डा हाइनिंग पिन | Experience Sharing of Botanical expedition Western Himalayas. |
| ६ | २०७४/७/२४ | डा निर्मला जोशी | Sharing programme and progress of Biodiversity section. |

## सरुवा

| क्र.सं. | कर्मचारीको नाम, थर | पद/श्रेणी | सेवा/समूह | निर्णय मिति | साविकको कार्यालय | सरुवा/पदस्थापना भएको कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | शिवानी खड्की | वैज्ञानिक अधिकृत, नवौं तह | स्वास्थ्य, फार्मेसी | २०७४।५।५ | वनस्पति विभाग | राष्ट्रिय औषधी प्रयोगशाला | सरुवा |
| २. | रमेश बहादुर बस्नेत | वरिष्ठ अनुसन्धान अधिकृत रा.प.द्वितिय | वन, वोटानी | २०७४।५।९ | राष्ट्रिय हर्बेरियम तथा वनस्पति प्रयोगशाला | कृषि विकास मन्त्रालय वा अन्तर्गत | सरुवा (हाल अध्ययन विदामा) |
| ३. | विनोद कुमार बस्नेत | उप सचिव प्रा. रा.प.द्वितिय | वन, वोटानी | २०७४।५।९ | कृषि विकास मन्त्रालय | राष्ट्रिय हर्बेरियम तथा वनस्पित प्रयोगशाला | सरुवा |
| ४. | अंजनी कुमार अधिकारी | उप सचिव प्रा. रा.प.द्वितिय | इन्जि, केमेष्ट्री | २०७४।३।२१ | वनस्पति विभाग | खानी तथा भूगर्भ विभाग | बढुवा/ पदस्थापना |
| ५. | केशव पौडेल | सहायक वैज्ञानिक अधिकृत रा.प.तृतीय | इन्जि, केमेष्ट्री | २०७४।५।११ | वनस्पति विभाग | वातावरण विभाग | सरुवा |
| ६. | रामकृष्ण भण्डारी | सहायक वैज्ञानिक अधिकृत | वन, वोटानी | २०७४।७।७ | जिल्ला वनस्पति कार्यालय, धनुषा | जिल्ला वनस्पति कार्यालय बाँके | बढुवा पदस्थापना |
| ७. | मेघनाथ पोखरेल | नायब सुब्बा, रा.प.अनं. प्र | प्रशासन, सा.प्र. | २०७४।५।३० | वनस्पति विभाग | बुढानिलकण्ठ नगरपालिका | सरुवा |

## अवकाश

| क्र.सं. | कर्मचारीको नाम, थर | पद/श्रेणी | सेवा/समूह | अवकाश मिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री सुधिता बासुकला | प्रचार प्रसार अधिकृत, रा.प.द्वितिय | इन्जि, केमेष्ट्री | २०७४/३/११ | |
| २. | श्री शशिकला मानन्धर | तालिम अधिकृत | इन्जि, केमेष्ट्री | २०७४/६/६ | |
| ३. | श्री नन्दलाल महर्जन | सि. मेकानिक्स (रा.प.अन. द्वि.) | इन्जि, मे. ई. | २०७४।०७।१५ | NPRL |

## वनस्पति विभाग अन्तर्गतका शाखाहरू

### व्यवस्था तथा विस्तार शाखा

**चिराइतो अनुसन्धान कार्यक्रम समन्वयः** जडीबुटी विकास कार्यक्रम अन्तर्गत चिराइतो अनुसन्धान कार्यक्रम समन्वय तथा छलफलको लागि वैज्ञानिक अधिकृत श्री रघुराम पराजुली र सहायक वनस्पति अधिकृत श्री जीवन पाण्डेले जिल्ला वनस्पति कार्यालय मकवानपुरसँग समन्वय गरी मकवानपुरका अघोर, दामन, टिस्टुङ्ग लगायतका स्थानहरूमा चिराइतोको प्राकृतिक अवस्थाको जानकारी लिनुभएको छ। अध्ययन क्रममा दामन र टिस्टुङ्गमा चिराइतो जर्मप्लाज्म तथा चिराइतो अनुसन्धान प्लटका क्रियाकलापहरू सञ्चालन गर्नको लागि उपयुक्त स्थानको प्रारम्भिक छनोट भएको छ। त्यसैगरी सहायक वैज्ञानिक अधिकृत श्री शान्ती शर्माले जिल्ला वनस्पति कार्यालय जुम्लासँग चिराइतो अनुसन्धान कार्यक्रम कार्यान्वयन कार्यविधि सम्बन्धमा स्पष्ट पार्नुभएको छ। जिल्ला वनस्पति कार्यालय, इलाम र सल्यानमा पनि चिराइतो अनुसन्धान कार्यक्रमबारे समन्वय गरिएको छ। चिराइतो अनुसन्धान कार्यक्रम विशुद्ध नयाँ प्रकृतिको र प्रस्तावित दिर्घकालीन कार्यक्रम भएकोले यस अन्तर्गतका क्रियाकलापहरूमा संलग्न हुने अन्य कार्यालय तथा शाखाहरूसँग पनि एकैसाथ समन्वय भइरहेको छ। यस कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सबैको समन्वय, सहकार्य तथा योगदानको आवश्यकता महसुस गरिएको छ।



### वायोटेक्नोलोजी शाखा

आर्थिक वर्ष २०७३/०७४ मा निर्माण सम्पन्न भएको तापक्रम, सापेक्षित आद्रता अनुकुलित गर्न मिल्ने स्वचालित ग्रीनहाउस प्रयोगमा आएको छ। टिस्युकल्चर प्रविधिबाट उत्पादन गरिएका विरुवाहरू (रुद्राक्ष, सुनाखरी, पचौली, पिपला, लिली, आदि) मा जरा निकाल्ने र हुर्काउने कार्यमा धेरै नै सहयोग पुगेको छ। यस स्वचालित ग्रीनहाउस संचालनमा आए पश्चात पहिलाको भन्दा विरुवाहरू धेरै उत्पादन गर्न सकिएको छ। यस शाखामा तपसिल बमोजिमका विद्यार्थीहरूले ईन्टर्नसीप गरिरहेको छन्।

१) रुद्र हरि पुरी, स्नातक तह, त्रिचन्द्र कलेज
२) शम्भु राज लौडारी, स्नातकोत्तर तह

## राष्ट्रिय वनस्पति उद्यान गोदावरी

### माननीय वन तथा भू-संरक्षण मन्त्रीज्यूद्वारा वृक्षारोपण कार्यक्रम

राष्ट्रिय वनस्पति उद्यान गोदावरीमा मिति २०७४/६/१ गतेका दिन माननीय वन तथा भू-संरक्षण मन्त्री श्री विक्रम पाण्डेज्यूले उद्यानको अवलोकन भ्रमण गरी यस उद्यानको Mesozoic Avenue पाथ क्षेत्रमा जिङ्गो (*Ginkgo biloba* L. - living fossil) को विरुवा रोपण गर्नुभएको थियो। उक्त कार्यक्रममा वन तथा भू-संरक्षण मन्त्रालयका सचिव श्रीमान् प्रकाश माथेमाज्यू, वनस्पति



विभागका महानिर्देशक डा. अखिलेश्वर लाल कर्णज्यू, उपमहानिर्देशकद्वय श्री सन्जीव कुमार राईज्यू र ज्योती जोशी भट्टज्यू तथा मन्त्रालयका सह-सचिव श्री रोज श्रेष्ठज्यू समेतको उपस्थिति रहेको थियो । सो अवसरमा राष्ट्रिय वनस्पति उद्यानका कार्यालय प्रमुख श्री दिपक लामिछानेले उद्यानमा भइराखेका क्रियाकलापहरूको बारेमा जानकारी दिनुभएको थियो ।

### राष्ट्रियस्तरको गोदावरी पुष्प प्रतियोगिता/प्रदर्शनी

राष्ट्रिय वनस्पति उद्यानले विगतका वर्षहरूमाझैं यो वर्ष पनि Floriculture Association Nepal (FAN) को आयोजनामा मिति २०७४/६/२६ देखि २९ गतेसम्म जावलाखेल, ललितपुरमा सम्पन्न भएको ११ औं गोदावरी फूलको प्रतियोगितात्मक प्रदर्शनीमा सहभागिता जनाएको थियो । प्रमुख अतिथि माननीय कृषि विकास राज्यमन्त्री श्री सरिता प्रसाईज्यू, विशेष अतिथि कृषि विकास मन्त्रालयका



सचिव श्रीमान् सुरज पोखरेलज्यू तथा अतिथि वनस्पति विभागका उपमहानिर्देशक श्री ज्योती जोशी भट्टज्यूको उपस्थिति रहेको उक्त प्रदर्शनीमा ५० वटा स्टलहरू राखिएका थिए । वनस्पति विभागको प्रतिनिधित्व गर्दै श्री ज्योती जोशी भट्टज्यूले शुभकामना मन्तव्य राख्नुभएको थियो । प्रदर्शनी अवलोकन गर्न आउने पुष्प प्रेमीहरूलाई रा.व.उ.का कर्मचारीहरूद्वारा गोदावरी फूलको खेती प्रविधि सम्बन्धी जानकारी प्रदान गरिएको थियो । सहभागीहरूमध्ये विजेता नर्सरीहरूलाई माननीय कृषि विकास राज्यमन्त्रीज्यूबाट नगद, सिल्ड तथा प्रमाण-पत्र वितरण गरिएको थियो ।

### Seed Conservation सम्बन्धी तालिम

राष्ट्रिय वनस्पति उद्यान गोदावरीमा मिति २०७४ भाद्र २० गते देखि २३ गतेसम्म वनस्पति विभाग, Royal Botanic Garden Edinburgh (RBGE) र Botanic Gardens Conservation International (BGCI) को संयुक्त आयोजनामा राष्ट्रिय वनस्पति उद्यान गोदावरीको सहजीकरणमा Seed Conservation सम्बन्धी तालिम संचालन भएको थियो । उक्त तालिमको उद्घाटन वनस्पति विभागका उपमहानिर्देशक श्री सन्जीव कुमार राईज्यूबाट भएको थियो । सो तालिममा स्वदेशी





तथा विदेशी संस्था (GC University Lahore, Pakistan, NBC Bhutan, University of Jammu, India) का गरी १८ जना सहभागीहरूले सहभागिता जनाउनु भएको थियो । तालिममा Ms. Suzanne Sharrock, BGCI, Dr. Mark Watson, RBGE, Dr. Jie Cai, Millennium Seed Bank, KIB, China, र Katherine O' Domell, BGCI ले प्रशिक्षण दिनुभएको थियो । उक्त तालिममा बिउ संकलन, संरक्षण तथा भण्डारण प्रविधि सम्बन्धी सैद्धान्तिक तथा प्रयोगात्मक कक्षा संचालन भएका थिए ।

### Biodiversity सम्बन्धी how to teach तालिम

राष्ट्रिय वनस्पति उद्यान गोदावरीमा मिति २०७४ भाद्र २४ गते देखि २५ गतेसम्म राष्ट्रिय वनस्पति उद्यान र Royal Botanic Garden Edinburgh (RBGE) को संयुक्त आयोजनामा उपत्यका भित्रका विभिन्न विद्यालयका आधारभूत र माध्यमिक तहका विज्ञान विषयका शिक्षकहरूलाई Biodiversity सम्बन्धी how to teach तालिम संचालन गरिएको थियो । तालिममा सहभागी विद्यालयहरू St. Xavier's School,



Omega H.S. School, Budanilkantha School, Shanti Rani School, Vidhya Sagar B. School, Shree Path Pradarsak Sec. School, Kitini Sec. School, Hill town Sec School, Phulchowki Sec School, Dolphin Sec School र Bishankhu Narayan S.S बाट १४ जना शिक्षकहरूको सहभागिता रहेको थियो । उक्त तालिमको उद्देश्य शिक्षकहरूले विद्यार्थीलाई सहज तरिकाले जैविक विविधता सम्बन्धी ज्ञान दिलाउन सकुन भन्ने रहेको थियो ।

## राष्ट्रिय हर्बेरियम तथा वनस्पति प्रयोगशाला

### तालिम सहभागिता

१. स.अ.अ. रिता क्षेत्री - मिति २०७४/६/२४ देखि २८ सम्म UN-REDD द्वारा संचालित Research Data Analysis and Technical Report Writing सम्बन्धी तालिम

२. स.अ.अ. अमृत के.सी. - मिति २०७४/५/२० देखि २३ सम्म DPR, RBGE र BGCI को संयुक्त आयोजनामा संचालित Seed Conservation सम्बन्धी तालिम

३. स.अ.अ. राजेन्द्र आचार्य - मिति २०७४/५/२० देखि २३ सम्म DPR, RBGE र BGCI को संयुक्त आयोजनामा संचालित Seed Conservation सम्बन्धी तालिम

४. स.अ.अ. हेम राज पौडेल - मिति २०७४/५/२० देखि २३ सम्म DPR, RBGE र BGCI को संयुक्त आयोजनामा संचालित Seed Conservation सम्बन्धी तालिम

### स्थलगत भ्रमण

स.अ.अ. तिर्थ राज पाण्डेयले Sino-Nepal Joint Botanical expedition to Bajhang District, Far western Nepal मा वनस्पति विभागको तर्फबाट सम्पर्क अधिकृतको रुपमा सन् २०१७ सेप्टेम्वर ९ देखि २१ सम्म बझाङ्ग जिल्लाका विभिन्न क्षेत्रहरूको स्थलगत अध्ययन भ्रमणमा सहभागी हुनुभएको थियो। इन्स्टिच्यूट अफ वोटानी, चाइनिज एकेडेमी अफ साइन्सेज, रिकाष्ट त्रि.वि. तथा वनस्पति विभागको संयुक्त आयोजनामा कैलाश पवित्र भू-परिधि अन्तर्गत नेपालको बझाङ्ग जिल्लाको चैनपुरदेखि धलौनसम्मको वानस्पतिक अध्ययन तथा हर्वेरियम संकलनको लागि सन् २०१७ सेप्टेम्वर ९ देखि २१ सम्म ६ सदस्यीय अध्ययन टोलीद्वारा स्थलगत अध्ययन गरी सो क्षेत्रको हर्वेरियम नमूनाहरू संकलन गरिएको थियो। उक्त टोलीमा चीनबाट प्रा. चीन हाइनिनको नेतृत्वमा डा. झाङ्ग सुरेन र याङ युचाङ सहित ३ जना, रिकाष्टको तर्फबाट विजय राज सुवेदी र प्रविन भण्डारी गरी २ जना तथा वनस्पति विभागको तर्फबाट स.अ.अ. तिर्थ राज पाण्डेय सहभागी हुनुहुन्थ्यो। सो क्रममा कुल ६२५ प्रजातिका हर्वेरियम नमूनाहरू संकलन गरी राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशालामा बुझाइएको छ। यस किसिमको संयुक्त अनुसन्धान कार्यक्रमबाट भविष्यमा मित्रराष्ट्र चीन र नेपालबीच वनस्पति अध्ययन कार्यमा सहकार्यका ढोकाहरू खुल्दै जाने अपेक्षा समेत गरिएको छ।

## प्राकृतिक सम्पदा अनुसन्धानशाला

- वनस्पति अध्ययन तथा अनुसन्धानक कार्यक्रम अन्तर्गत महत्वपूर्ण जडीबुटीजन्य वनस्पतिहरूको कार्य गर्नका लागि मकवानपुर र बारा जिल्लाका विभिन्न स्थानको स्थलगत भ्रमण गरी मिठा नीम, बाबरी फूल, पलास, निम, वनहलेदोर र जनकपुर क्षेत्रबाट चार प्रजातिका (मिठा नीम, मसला, हाडजोड र टक्कर) नमूनाहरू संकलन गरी अनुसन्धानको कार्य भइरहेको छ। अनुसन्धानका क्रममा ३ प्रजाति (काउलो, बक्काइनु, भाङ्ग) को Phytochemistry र pharmacognocy समेत गरिएको छ।




- आ.व. २०७४/०७५ को प्रथम चौमासिक अवधिसम्म ४१७ नमूनाहरूको विश्लेषण, परीक्षण तथा सिफारिसको कार्य सम्पन्न भएको छ। आ.व. २०७४/०७५ को प्रथम चौमासिकमा जम्मा २,९१,७००/- राजस्व संकलन भएको छ।
- वन तथा भू-संरक्षण मन्त्री माननीय विक्रम पाण्डेज्यूले मिति




२०७४/०६/०१ मा प्रयोगशालाबाट उपलब्ध सेवा सुविधा तथा अनुसन्धान कार्यको अवलोकन तथा निरीक्षण गर्नुभएको थियो।

## जिल्ला वनस्पति कार्यालय, धनुषा

### निरीक्षण तथा अनुगमन

मिति २०७४/६/२४ र २५ गते वनस्पति विभागका महानिर्देशक डा. अखिलेश्वर लाल कर्णज्यूले जिल्ला वनस्पति कार्यालय, धनुषा तथा धनुषाधाम वनस्पति उद्यानको अनुगमन तथा निरीक्षण भ्रमण गर्नुभएको थियो। सो अवसरमा वहाँले जडीबुटी नर्सरी, धनुष वाटिका, गुलाब वाटिका, धार्मिक उद्यान, दुर्लभ वनस्पति संरक्षण, इथ्नोबोटानिकल वाटिका आदिको निरीक्षण गर्नुको साथै धार्मिक उद्यानमा रक्तचन्दनको विरुवा समेत रोपण गर्नुभएको थियो। गत आ.व.मा एक नगर एक उद्यान कार्यक्रम अन्तर्गत धनुषाधामस्थित ऐतिहासिक धनुषा मन्दिर परिसरमा स्थापित उद्यानको पनि अवलोकन गर्नुभएको थियो। उक्त अवसरमा महानिरीक्षकज्यूबाट उद्यानमा संचालित कार्यक्रम सराहनीय रहेको तथा शोभनीय संरचनाहरू तयार भएको र सोको निरन्तरता तथा व्यवस्थापनका लागि कार्यालय अझ गम्भीर हुनुपर्ने साथै संचालित कार्यक्रम सफल बनाउन लागीपर्नुपर्ने राय सल्लाह दिनुभएको थियो।

यस्तै, वनस्पति विभागका पूर्व महानिर्देशक श्री मधुसुदन विष्टज्यूले मिति २०७४/०७/०५ गते धनुषाधाम वनस्पति उद्यानभित्रका सम्पूर्ण संरचना तथा वनस्पति प्रजातिहरूको सूक्ष्म अवलोकन गर्नुभएको थियो। वहाँले वनस्पति उद्यानमा पार्क निर्माण नभई उद्यानभित्रका मौजूदा प्रजातिहरूलाई प्राकृतिक अवस्थामा नै व्यवस्थित गर्नु तथा जैविक विविधताको संरक्षण गरी राख्नुपर्ने सल्लाह दिँदै उद्यानमा रक्तचन्दनको विरुवा रोपण गर्नुभएको थियो।

### Floral clock

चालु आ.व.को वनस्पति संरक्षण तथा उद्यान विकास कार्यक्रम अन्तर्गत धनुषाधाम वनस्पति उद्यानमा Floral clock तयार गरिएको छ। Floral Clock मा रातो दुबोको गोलाकार घडी र घडीको सुई तयार गरी १२ वटा प्लटहरू तयार गरिएको छ। १२ वटा प्लटमा १२ महिनामा फुल्ने फूलका विरुवा रोपण गरिनेछ।

## जिल्ला वनस्पति कार्यालय, मकवानपुर

वनस्पति विभागका महानिर्देशक डा. अखिलेश्वरलाल कर्णज्यूले मिति २०७४ असोज २६ गते जिल्ला वनस्पति कार्यालय मकवानपुर अन्तर्गत वृन्दावन वनस्पति उद्यान, हेटौंडाको स्थलगत निरीक्षण गर्नुभएको थियो। उहाँले भ्रमणको क्रममा उद्यानमा संचालित कार्यक्रमहरूको अनुगमन निरीक्षण गरी चालू आर्थिक वर्षमा वृन्दावन, दामन र टिष्टुङ्ग वनस्पति उद्यानहरूमा सम्पादन गर्नुपर्ने गतिविधिहरूको बारेमा चासो राख्दै सहज तवरले कार्यक्रमहरू अघि



बढाउन निर्देशन तथा सुझाव समेत दिनुभएको थियो । वनस्पति रसायन प्रयोगशाला र जडीबुटी सूचना केन्द्रको अवलोकन गर्दै अध्ययन अनुन्धानका लागि उपयोगी हुने किसिमले स्तरोन्नति गर्न जोड दिनुपर्ने औंल्याउनुभएको थियो । अनुगमनको क्रममा वृन्दावन वनस्पति उद्यानमा *Ginkgo biloba* (A Living Fossil Plant) को विरुवा रोपण गर्नुभएको थियो ।

## जिल्ला वनस्पति कार्यालय, सल्यान

### निरीक्षण

२०७४ मंसिर ८ गते वनस्पति विभागका महानिर्देशक डा. अखिलेश्वर लाल कर्णज्यूबाट जिल्ला वनस्पति कार्यालय सल्यान अन्तर्गत मुलपानी वनस्पति उद्यानको निरीक्षण भ्रमण भएको थियो । सो अवसरमा यस कार्यालयका कार्यालय प्रमुख श्री डम्बर बहादुर कार्कीले जिल्ला वनस्पति कार्यालय सल्यानले मुलपानी वनस्पति उद्यान तथा जिल्लामा सञ्चालन गरेका क्रियाकलापहरू तथा समस्याहरूको बारेमा अवगत गराउनु भएको थियो ।



उक्त अवसरमा महानिर्देशकज्यूबाट मुलपानी वनस्पति उद्यान, नमुना जडीबुटी नर्सरी र ज्यामिरे सामुदायिक वन उपभोक्ता समूहले वृक्षारोपण गरेको जडीबुटी खेतीको अवलोकन गर्नुभएको थियो । श्रीमान् महानिर्देशकज्यूबाट कार्यालयको व्यवस्थापन, सुरक्षा, सरसफाई, वनस्पति उद्यानभित्र रोपण गरिएका जडीबुटी लगायत रुख प्रजातिको रोपण, संरक्षण सम्वर्द्धन पक्ष राम्रो भएको र परस्थानीय तथा स्वस्थानीय विरुवाहरूको संरक्षण सम्वर्द्धन गरी कृषक, विद्यार्थी, उद्यमी लगायत वनस्पति क्षेत्रमा अध्ययन अनुसन्धान कार्यमा क्रियाशील व्यक्ति संघ संस्थालाई लाभान्वित हुने आशातित हुँदै सबै कर्मचारीहरूलाई उच्च मूल्याङ्कनका साथ बधाई तथा धन्यवाद दिनुभएको थियो । उहाँले कर्मचारीहरूलाई अझ बढी क्रियाशील भएर लाग्न निर्देशन दिनुहुँदै वनस्पति स्रोतको संरक्षण, अध्ययन अनुसन्धानमा लाग्न प्रेरित गर्नुभएको थियो । मुलपानी वनस्पति उद्यानलाई जग्गा क्षेत्र विस्तार गर्न सुझाव दिनुभएको थियो । स्रोत साधनको सही सदुपयोग गर्न निर्देशन दिंदै आवश्यक सहयोगका लागि वनस्पति विभागबाट पूर्ण सहयोग रहने आश्वासन समेत दिनुभएको थियो ।

### जडीबुटी खेती विस्तार तथा व्यवस्थापन सम्बन्धी फिल्डस्तरीय कोचिङ्ग

जिल्ला वनस्पति कार्यालय सल्यानको आयोजनामा मिति २०७४/७/१६ गते कपुरकोट गाउँपालिका वडा नं. १ मा रहेको बाँझबोट सा.व.उ.स.का उपभोक्ताहरूलाई जडीबुटी खेती विस्तार तथा व्यवस्थापन सम्बन्धी एक दिने फिल्ड स्तरीय कोचिङ्ग कार्यक्रम संचालन गरिएको थियो । उक्त कार्यक्रममा जिल्ला वन कार्यालय, सल्यानका सहायक वन अधिकृत कमल घिमिरे र जिल्ला वनस्पति कार्यालय, सल्यानका हेड फिल्ड असिस्टेन्ट कृष्ण बहादुर पुनले प्रशिक्षण दिनुभएको थियो । २५ जना सहभागी रहेको उक्त कोचिङ्ग सामुदायिक वन क्षेत्रमा संचलन गरिएको थियो । त्यसैगरी कपुरकोट गाउँपालिका अन्तर्गत वडा नं. २ भकममा मिति २०७४/७/१९ गते २५ जनाको सहभागितामा टिमुर खेती विस्तार तथा व्यवस्थापन सम्बन्धी फिल्ड स्तरीय कोचिङ्ग दिइएको थियो । कृषकहरूलाई टिमुरको व्यावसायिक खेती तथा विस्तार र यसबाट हुने आयआर्जनका बारेमा प्रशिक्षण गरिएको थियो । सहभागीहरूले जडीबुटीको जानकारीमूलक कार्यक्रम व्यापक गरिनुपर्ने र जडीबुटी विस्तार तथा व्यवस्थापन गर्ने जस्ता विषयमा चासो व्यक्त गरेका थिए ।



## जिल्ला वनस्पति कार्यालय, जुम्ला

### संकटापूर्ण अवस्थामा पुगेका जडीबुटी प्रजातिको बासस्थान संरक्षण

जिल्ला वनस्पति कार्यालय जुम्लाको स्वीकृत वार्षिक कार्यक्रम जडीबुटी विकास कार्यक्रम अन्तर्गतको संकटापूर्ण अवस्थामा पुगेका जडीबुटीको वासस्थान संरक्षण सम्बन्धी अभिमुखीकरण कार्यक्रम जुम्ला जिल्ला पातारासी गाउँपालिकामा रहेका ९ वटा सा.व.का पदाधिकारी तथा उपभोक्ताहरूलाई लक्षित गरी मिति २०७४/०४/२४ गते संचालन भएको थियो । अभिमुखीकरण कार्यक्रममा जुम्ला जिल्लामा पाइने दुर्लभ तथा लोपोन्मुख वनस्पतिहरूको अवस्थाका बारेमा कार्यालयका प्रमुख श्री मदन कुमार खड्काले प्रशिक्षण दिनुभएको थियो । यस्ता कार्यक्रमबाट जडीबुटीको प्राकृतिक वासस्थान संरक्षणमा टेवा पुग्ने कुरा सहभागीहरूले व्यक्त गरेका थिए ।

### आयमूलक जडीबुटी खेती, प्रसारण तथा भण्डारण सम्बन्धी तालिम

जडीबुटीहरूको संरक्षण तथा सदुपयोग गरी खेती विस्तार गर्ने र जडीबुटिजन्य उद्यम विकास गरी आयआर्जनमा टेवा पुऱ्याउने प्रमुख उद्देश्य रहेको आयमूलक जडीबुटी खेती, प्रसारण तथा भण्डारण सम्बन्धी तालिम मिति २०७४/०४/१७ देखि २३ सम्म १५ जना जडीबुटी कृषकको सहभागितामा कार्यालयको तालिम हलमा संचालन भएको थियो । तालिममा नेपाल सरकारबाट आर्थिक विकासका लागि प्राथमिकता प्राप्त जडीबुटीहरू, खेती तथा अनुसन्धानका लागि प्राथमिकतामा परेका जडीबुटीहरू, गैर काष्ठ वन पैदावारको दीगो संकलन, भण्डारण, प्रशोधन तथा मूल्य अभिवृद्धिका बारेमा प्रशिक्षण दिइएको थियो । जुम्ला जिल्लामा सहजै खेती गरी आम्दानी लिन सकिने जडीबुटीहरू जस्तै अकरकांडा, गुच्चीच्याउ, पाँचऔंले, केशर, यार्सागुम्बा, चिराइतो आदिका बारेका पनि प्रशिक्षणका कक्षाहरू संचालन भएका थिए ।

### जडीबुटी खेती विस्तार तथा व्यवस्थापन सम्बन्धी फिल्ड स्तरीय कोचिङ्ग

जिल्ला वनस्पति कार्यालय, जुम्लाको स्वीकृत वार्षिक कार्यक्रम जडीबुटी विकास अन्तर्गतको जडीबुटी खेती विस्तार तथा व्यवस्थापन

सम्बन्धी फिल्ड स्तरीय कोचिङ्ग जुम्ला जिल्ला गुठिचौर गाउँपालिका, वडा नं. ५ धितागाउँमा मिति २०७४/०४/२५ गते ३८ जना कृषकहरूको उपस्थितिमा फिल्ड स्तरिय कोचिङ्ग आयोजना गरिएको थियो। फिल्ड कोचिङ्गमा जिल्ला वनस्पति कार्यालय, जुम्लाका कार्यालय प्रमुख श्री मदनकुमार खड्काले महत्वपूर्ण जडीबुटीहरूको खेती, दीगो संकलन, भण्डारण, प्रशोधन तथा जडीबुटीको दीगो व्यवस्थापनको बारेमा र असिष्टेण्ट केमिष्ट श्री सरिता कुमारी पौडेलले जडीबुटी नर्सरी प्रविधि र विरुवाको प्रसारण विधिहरूका बारेमा सहजीकरण गर्नुभएको थियो।

### एक गाउँ एक उत्पादनको लागि गुणस्तरीय विरूवा उत्पादन तथा वितरण

मिति २०७४/०४/२६ मा जुम्ला जिल्ला पातारासी गाउँपालिका, उर्थुचौतारामा एक गाउँ एक उत्पादन सम्बन्धी अभिमुखिकरण गोष्ठी सम्पन्न गरिएको थियो। उक्त गोष्ठीमा २४ जना जडीबुटी समूहका प्रतिनिधिहरूको संलग्नता रहेको थियो। गोष्ठीमा एक गाउँ एक उत्पादनको अवधारणा र जुम्ला जिल्लाका लागि महत्वपूर्ण जडीबुटी अतिसका बारेमा छलफल गरिएको थियो।

## जिल्ला वनस्पति कार्यालय, बाँके

### आयमूलक जडीबुटी खेती, प्रसारण तथा भण्डारण सम्बन्धी तालिम

जडीबुटीको खेती, संकलन विधि, संरक्षणका उपायहरू, प्रशोधन, भण्डारण एवं जडीबुटीको बजार सम्बन्धी जनचेतना अभिबद्धि गर्ने उद्देश्य रहेको तालिम मिति २०७४/०७/२७ देखि २०७४/०८/०१ सम्म १५ जना सहभागीहरू (महिला ११ र पुरुष ४) को सहभागितामा जिल्ला वनस्पति कार्यालय बाँकेको सभा कक्षमा संचालन भएको थियो। तालिममा तराई क्षेत्रमा व्यवसायिक रुपले खेती गर्न सकिने जडीबुटीहरू (कुरिलो, मेन्था, पिपला, सर्पगन्धा, क्यामोमाइल, लेमनग्रास, आदि) को खेती प्रविधि, संकलन विधि, प्रशोधन विधि, भण्डारण, बजारीकरणका बारेमा कक्षाहरू संचालन भएका थिए। उक्त तालिममा जिल्ला वनस्पति कार्यालय, जिल्ला वन कार्यालय बाँके, जिल्ला आयुर्वेद कार्यालय बर्दिया, क्षेत्रीय कृषि अनुसन्धान केन्द्र बाँकेका प्राविधिक अधिकृतद्वारा कक्षा संचालन भएको थियो।



## जिल्ला वनस्पति कार्यालय, कैलाली

### अध्ययन भ्रमण

सहायक वनस्पति अधिकृत श्री जीवन पाण्डेले Plant Collecting Expedition to Saipal Himal, Bajura मा वनस्पति विभागको तर्फबाट सम्पर्क अधिकृतको रुपमा सन् २०१७ अगस्ट ६ देखि २६ सम्म बाजुरा जिल्लाका विभिन्न क्षेत्रहरूको स्थलगत अध्ययन भ्रमणमा सहभागी हुनुभएको थियो। Royal Botanic Garden Edinburgh, Scotland; Department of Plant Resources, Nepal र Society of Himalayan Botany, Japan को संयुक्त आयोजनामा साइपाल हिमाल अन्तर्गत बाजुरा जिल्लाको मार्तडी (१७५० मि.) देखि धौलिलेक (४१८० मि.) सम्मको वानस्पतिक अध्ययन तथा Herbarium specimens, DNA samples, and Seeds हरूको संकलन गरिएको थियो। Colin Pendry ले नेतृत्व गर्नुभएको उक्त टोलीमा Hiroshi Ikeda, Polina Gudkova, Jeevan Pandey, Willium Hinchliff,र Mathew Jackson को सहभागिता रहेको थियो। अध्ययनबाट ५५४ प्रजातिका हर्वेरियम नमूना, ५५४ DNA Samples र ६२ प्रजातिका विरुवाहरूको बिउ संकलन गरिएको थियो। संकलित प्रथम सेटका हर्वेरियम नमुनाहरू राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशालामा, DNA Samples वनस्पति विभागको बायोटेक्नोलोजी शाखामा तथा संकलित बिउ राष्ट्रिय वनस्पति उद्यान गोदावरीमा बुझाइएको छ। यस अध्ययनबाट Flora of Nepal प्रकाशनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।



### देवरिया वनस्पति उद्यान व्यवस्थापान

देवरिया वनस्पति उद्यानमा अर्जुन, सितलचिनि, निम, रक्तचन्दन र श्रीखण्डको छुट्टाछुट्टै प्लट निर्माण गरी विरुवा रोपण गरिएको छ। उद्यानमा हेज वाटिका निर्माणको लागि स्केच तयार गरी मध्य विन्दुमा *Arucaria* को विरुवा रोपण गरिएको छ। त्यसै गरी हिंड्ने पथ (WalkingTrail) को दुवैतिर लाइनिङ्ग मिलाएर क्रोटोन, जंगली चमेली, धुपी, साँपगाँज जस्ता हेज विरुवाहरू रोपण गरिएको छ। उद्यानमा विभिन्न मिनी गार्डेनहरू समेत स्थापना गरिएको छ।




## सम्पादक मण्डल

**सल्लाहकारहरू**
सन्जीव कुमार राई
(महानिर्देशक)
ज्योती जोशी भट्ट
(उप-महानिर्देशक)

**सम्पादन**
तारादत्त भट्ट
रघुराम पराजुली
शिशिर पन्थी



सम्पर्क
**प्रचार प्रसार तथा डकुमेन्टेसन शाखा**
फोन नं.: ०१ ४२६८२४६, ४२६१९६७
इमेल: info@dpr.gov.np, वेबसाइट: www.dpr.gov.np